**प्रदेश सभा**

**गण्डकी प्रदेश**

**छैटौं अधिवेशन**

**(सन्ताउन्नौं बैठक)**

**कार्यबाहीको सम्पूर्ण विवरण**

**मिति : २०७७।०६।१३ गते**

**माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।**

माननीय सदस्यहरू, सर्वप्रथम यस सभा, प्रदेश सभा सदस्य माननीय मोहनप्रसाद रेग्मीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

**माननीय सदस्यहरू,** अब शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरूको लागि एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्ना भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**माननीय सदस्य श्री आशा कोइराला तनहुँ**

माननीय सभामुख महोदय, तनहुँ जिल्लाको दुलेगौँडादेखि साँखे खुर्पीडाँडा हुँदै स्याङ्जाको दक्षिणपूर्वी क्षेत्र जोड्ने करिब २१ किलोमिटर लामो अत्यन्त महत्वपूर्ण ढोरबाराही मोटर मार्ग यस वर्षको अविरल वर्षाको कारण, निरन्तर बाढी पहिरोको कारण थुप्रै ठाउँमा भाँसिएको र खोलामा भएका कजवेहरूसमेत भत्किएर अत्यन्तै जीर्ण रहेको अवस्था छ । यसर्थ, बृहत् सर्वेक्षण गरी पहिरो नियन्त्रण, बराह खोला र थेसङ खोलामा मोटरेवल पुल निर्माणको साथै साँखे थुम्कीडाँडा खण्डको ९ किलोमिटर बाटो कालोपत्रे गरी ढोरबाराही मार्गको मर्मतसम्भार साथै नियमित सुचारु गर्ने वातावरण मिलाउन म प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य भागवतप्रसाद मल्ल, स्याङ्जा**

सभामुख महोदय, मिति २०७७ असोज ८ गते राति स्याङ्जा काली गण्डकी गाउँपालिका वडा नं. ४ मा अविरल वर्षाका कारण वर्ष ७७ विष्णु नेपालीको सुतेकै अवस्थामा पहिरोले पुरी मृत्यु भएको छ र २ घर क्षती भएका छन् । त्यस्तै असोज ९ गते बिहान ६ बजे वालिङ नगरपालिका वडानं. १४ तमादीमा एकै घरको पहिरोले पुरी ९ जनाको मृत्यु भएको

छ र एक जना मनिषा नेपाली पोखराबाट उपचार गरी फर्केको अवस्था छ । एक घर क्षती भएको छ । त्यस्तै त्यही छिमेकमा ९ गते बिहानै २ घर छुट्टै पूर्ण क्षती भएको छ । त्यस्तै आज बिहान वालिङ नगरपालिका वडा नं. ११ निवासी मजदुर गिटी निकाल्ने क्रममा डिस्कोले पुरिएर दुर्घटनामा मृत्यु भएको छ । मृतकहरू सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र सबै परिवारहरूप्रति गहिरो समवेदना व्यक्त गर्न चाहन्छु र सबैमा राहत, पूर्ण क्षती घरहरूको पुर्नवासको व्यवस्था र घाइतेहरूको उपचारका लागि प्रदेश सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद, जय नेपाल ।

**माननीय सदस्य विष्णुप्रसाद लामिछाने, नवलपरासी**

सभामुख महोदय, हालै परेको अविरल वर्षाको कारण वौदीकालिका वडा नं. ४ स्थित कुँवाकोट भन्ने ठाउँमा पहिरो गएर त्यहाँस्थित सिङ्गो गाउँ र स्वास्थ्यचौकीसमेत पहिरोले लाने अवस्थामा भएकोले सोको तत्काल रोकथाम गर्न र स्थायी रूपमा त्यसलाई व्यवस्थित गर्न माननीय सभामुख महोदयमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

माननीय सदस्यज्यूहरू शून्य समयमा बोल्ने माननीय सदस्यज्यूहरूको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरूले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य इन्द्रलाल सापकोटा, समय ६ मिनेट**

सभामुख महोदय, यतिबेला बाग्लुङ जिल्ला यो अविरल वर्षाको अत्यन्तै ठूलो चपेटामा परेको छ । २०७७ असारदेखि हालसम्म बाग्लुङ जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिकाका वस्तीहरू क्षतविक्षत अवस्थामा छन् । यसको प्रत्यक्ष अवलोकन ढोरपाटन नगरपालिका र जैमिनी नगरपालिकाको बाढी पीडितलाई राहत उपलब्ध गराउने सन्दर्भमा र प्रत्यक्ष अवलोकन गर्ने सन्दर्भमा माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र आन्तरिक मामिलामन्त्री स्वयं पुग्नु भएको छ । मैले बाग्लुङवासीकातर्फबाट उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो सन्दर्भमा भएको मानवीय क्षती र भौतिक क्षतीको बारेमा म गण्डकी प्रदेश सरकारको विशेष ध्यानाकर्षण गर्न चाहन्छु । यतिबेला ढोरपाटन नगरपालिका हुँदै बाग्लुङका १० वटा तहमा गरेर ३८ जना बाग्लुङवासीहरूको ज्यान गएको छ । ढोनपा २३ निसीखोला ४, तमानखोला २, बोडीगार्ड २, ताराखोला १, काठेखोला २, जैमिनी नपा ३ गरेर ३८ जनाको ज्यान गएको छ भने बानपा १ र ढोरपाटन नगरपालिकामा १५ जना गरेर १६ जना बेपत्ता हुनुभएको स्थिति छ । त्यति मात्रै होइन, बागलुङ नगरपालिकाका ६५, जैमिनीका २०, गलकोट नगरपालिकाका ३३, काठेखोला ४२, त्यसैगरी ढोरपाटन नगरपालिका १२७,

बोढिगाड ६४, वरेङ ४५, निसीखोलाका १२६ र टमानखोला ६ गरेर ५९० घरधुरी घर भत्केको छ । उहाँहरू विस्तापित भएको स्थिति छ । यो सन्दर्भ मात्रै होइन, यतिबेला बाढीले त्यहाँका माइक्रो हाइड्रो १०, ११ वटा भन्दा बेसी माइक्रो हाइड्रो क्षतविक्षत अवस्थामा छ । झोलुङ्गे पुलहरू क्षतविक्षत अवस्थामा छन् । एउटा गाउँपालिकादेखि अर्को गाउँपालिकासम्म जोड्ने सडकको अवस्था क्षतविक्षत अवस्थामा छ । वार्डबाट सदरमुकाम आउन सक्ने स्थिति छैन । थुप्रैखेती योग्य जमिन कटान गरेको छ थुपै ठाउँमा पुरेको छ र खानेपानीका ट्याङ्की पायपलगायतका थुप्रै चिज बगाएको स्थिति छ । यो सन्दर्भमा मैले सिङ्गो गण्डकी प्रदेश सरकारको विशेष ध्यान आकर्षण होस् म यो माग गर्न चाहन्छु । सँगसँगै बाग्लुङ जिल्ला १४७ किलोमिटर भन्दा बेसी रहेको मध्यपहाडी लोकमार्ग, बाग्लुङ बजारदेखि २६ किलोमिटर घोडाबाँधेसम्म र घोडाबाँधेदेखि वास्तवमा गलकोट नपासम्मको भाग अत्यन्तै भाँस्सिएको अवस्थामा छ । नियमित बिरामीहरू छ घण्टा, आठ घण्टा कुर्नुपर्ने अवस्थामा छ । सम्बन्धित निकायको प्रदेश सरकारमार्फत म ध्यानाकषर्ण गर्न चाहन्छु ।

अहिलेसम्म पनि म एउटा जोड दिएर भन्न चाहन्छु । बिस्तापित ५९० घर कुरियालाई पुनर्वास गर्ने कुरा, निर्माणाधीन क्षतविक्षत भएका पुलहरूको निर्माण गर्ने कुरा, विद्युतीकरण गर्ने कुरा र अवरुद्ध रहेका सडकहरू चलायमान गर्ने कुरा चाहे बाग्लुङ बजारबाट सिगाना बरेङ जाने होस्, चाहे बाग्लुङ बजारको नजिकै रहेको भकुण्डे रायडाँडा हुने सडक ५० लाख भन्दा बैंसीलागत लाग्ने अनुमान गरिएको छ । एउटै पहिरो वास्तवमा एक महिनाभन्दा बेसी भइसक्यो । हामीले बाटो खुलाउन सकिरहेको स्थिति छैन । यस्ता थुप्रै ठाउँहरू छन् । त्यसकारण विद्यालय, स्वास्थ्यचौकी, पुल, खानेपानी जुन क्षतविच्क्षेद अवस्थामा छ । मानवीय क्षतीको सन्दर्भ होस् या भौतिक संरचनाको सन्दर्भ होस् या विस्थापितहरूको सन्दर्भमा होस् । सबै तहमा अहिले पनि राहत उपलब्ध हुन सकिरहेको स्थिति छैन । वास्तवमा भन्दा जैमिनी नगरपालिका र ढोरपाटनको केही बाहेक आम दशैं तहका मृतहरूको अहिलेसम्म पनि राहत प्राप्त गर्न सकिरहेका छैनन् । त्यसकारण मैले छिटो भन्दा छिटो विस्थापितहरूलाई व्यवस्थापन गर्ने कुरा, भत्केका संरचनाहरू निर्माण गर्ने कुरा र मृतकहरूलाई कम्तिमा छिटो भन्दा छिटो प्रदेश सरकार छ भन्ने कुरा दसैं तहमा अनुभूति गराउनका निम्ति, राहत उपलब्ध गराउनेका निम्ति जोडदार माग गर्न चाहन्छु धन्यवाद ।

**माननीय सदस्य श्री दोबाटे विश्वकर्मा, समय ३ मिनेट**

माननीय सभामुखज्यू महोदय, देशभरि बालबालिकाहरूको हत्या, बलात्कार यो शृङ्खलाबद्ध तरिकाबाट घटनाहरू घटेको छ । यो ज्यादै चिन्ताको विषय रहेको छ । यस्तै अस्ति भर्खरै बाजुराको घटना होस् अथवा सिराहाको घटना होस् । सिराहामा जो मान्छे, जो

बालिका बलात्कृत भई गाउँ पञ्चायत राखेर त्यसलाई भनेको नमान्दा गाउँबाट निस्कन पर्ने अवस्था सिर्जना भएको छ त्यसकारणले यो हत्या, हिंसा, घटनाहरू अत्याधिक बढेको अवस्था र यो दण्डहिनता अझै बढिरहेको र यो अन्त्य हुन नसकेको अवस्था देखिएको छ त्यसले गर्दा खेरीमा हामी सबैलाई चिन्ता र चासोको विषय बनेको छ । त्यसको निम्ति हामीले गण्डकी प्रदेशमा पनि यस्ता खालका घटनालाई निस्तेज गर्नका लागि पहल होस् भन्ने पनि म आग्रह र अनुरोध गर्न चाहन्छु । विशेष गरेर २ हजार भाद्र २५ गते तनहुँ जिल्लाको ब्यास नगरपालिका वडा नं. १० मा घटेको घटनाका सम्बन्धमा म केही कुराहरू राख्न चाहन्छु । २०७६ साल कार्तिकमा त्यसै स्थानको युवराज गुरुङ र सुकमाया गुरुङ बीच प्रेम विवाह भएको अवस्था थियो । त्यसै सन्दर्भमा अस्ती २५ गते मात्रै । घरेलु हिंसा र जातीय विभेदको कारणबाट, घरायसी झगडाका कारणले उसलाई घाँटी थिचेर मारेको भन्ने घर परिवार र छिमेकीहरूको आरोप छ । तर अहिले पोष्टमार्टम रिपोर्ट र अन्य रिपोर्टहरू जो अनुसन्धान छ त्योबाट त्यस्तो खालको नदेखिएको र अनुसन्धान फितलो भइरहेको अवस्थाहरू रहेकोले गर्दा निजको यथार्थ सत्यतथ्य छानविनको लागि प्रदेशसभामार्फत एउटा छानविन समिति गठन गरेर यस्ता खालका घटना सत्यतथ्य पत्ता लगाउनका निम्ति छानविन समिति गठन होस् भन्ने पनि म आग्रह र अनुरोध गर्न चाहन्छु ।

यसैगरी २०७६ साल असार, साउन, भदौसम्म जसरी बाढी पहिरोबाट धेरै गण्डकी प्रदेशमा जनधनको क्षति भएको छ र बाढीपहिरोबाट बाँध, कुलो, खेत, पशु, चौपाय, पशुपंक्षीदेखि लिएर मानवीय क्षति भएको छ । मान्छेहरू घरबाट विस्तापित भएका छन् । त्यसकारणले अहिलेसम्म पनि उनीहरूले राहत पाइरहेको अवस्था छैन । त्यसकारण यो कहिलेसम्म उपलब्ध हुन्छ मन्त्रीज्यूले अब यो वर्षा अलि हटेपछि भदौको १५ सम्म हामी सबै राहत उपलब्ध गराउँछौं भन्ने कुरा उहाँहरूको जुन आश्वसन थियो, त्यो अहिलेसम्म के भएको छ त्यसको तुरुन्त सभामुखमार्फत जानकारी पाऊ धन्यवाद । जयनेपाल ।

**माननीय सदस्य श्री खिमविक्रम शाही, समय ५ मिनेट**

माननीय सभामुखज्यू, गत भदौ १७ गते राती ढोरपाटन नगरपालिका अन्तर्गत भुजीखोलामा अविरल वर्षा र बाढीको कारण २२ जनाको मृत्यु भएको छ भने अझै १५ जना बेपत्ता रहेका छन् । मृतकप्रति श्रद्धाञ्जली साथै मृतक परिवारप्रति समवेदना प्रकट गर्न चाहन्छु । यो घटना लगत्तै भाद्र २० गते माननीय मुख्यमन्त्रीज्यू, माननीय आन्तरिक मामिला तथा कानूनमन्त्रीज्यू त्यहाँ पुगेर स्थलगत निरीक्षण गरी तत्काल बन्दोबस्तीका सामग्री राहतस्वरूप वितरण गर्नुभयो । उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । श्रावण १३ गते तमानखोला गाउँपालिका २ खोलेसिलाङमा २ जना, निसीखोला गाउँपालिका १ हरेपुरमा १

जना, श्रावण २० गते निसीखोला ५ कारिगाउँमा २ जना, निसीखोला ३ धाराखर्चमा १ जना, ढोरपाटन नगरपालिका २ अर्नाजमा १ जना गरी अहिलेसम्म मेरो निर्वाचन क्षेत्र अथवा तीनवटा पालिकामा २९ जनाको मृत्यु छ भने १५ जनाको बेपत्ता भएको छ । ती मृतकहरूलाई प्रदेश सरकारको निर्णय अनुसार प्रतिव्यक्ति रु. ५० हजार दिने भनेकोमा घटना घटेको २ महिना पुग्दासम्म दिइएको छैन । भुजीखोलामा विद्युतका पावरहाउसहरू, स्वास्थ्यचौकी, विद्यालयहरू, झोलुङ्गे पुलहरू बगाएर लगिदियो । मान्छे आवतजावत गर्ने बाटो पनि छैन भने ढोरपाटन र निसीखोला गाउँपालिका गरी करिब चार सय घर परिवार बिस्तापित भएका छन् र कतिपय बालबालिकाहरू आफ्ना सबै अभिभावकहरू गुमाएर बेसहारा भएका छन् । तसर्थ निसीखोला गाउँपालिकाको बाढीले क्षतीग्रस्त भएको बस्तीको पनि स्थलगत निरीक्षण गरी समाधानको उपाय खोज्न, मृतक परिवारले रु. ५० हजारका दरले पाउने रकम उपलब्ध गराउनु हुनु, विद्यालय स्वास्थ्य चौकी, विद्युत, झोलुङ्गे पुललगायतका भौतिक संरचना तत्काल निर्माण गर्न, विस्थापित परिवारलाई स्थापित गर्न, अभिभावक गुमाएर बेसहारा भएका विद्यालय पढ्ने बालबालिकाहरूलाई निःशुल्क पढाउने व्यवस्था मिलाउन हाम्रो प्रदेश सरकारको ध्यानाकर्षणसहित अनुरोध गर्न चाहन्छु । साथै यस घटनाको समाधानका बारेमा के कति अरु गतिविधिहरू भएका छन् सरकारको तर्फबाट जानकारी गराई पाऊ भनी निवेदनका साथ भनाइको अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सदस्य श्री कृष्णबहादुर थापा, समय ६ मिनेट**

माननीय सभामुख महोदय, विगत लामो समयसम्म देशको धेरै भागमा यो प्राकृतिक पहिरो वर्षाकारणले क्षती भएको कास्की जिल्लामा पनि धेरै नै क्षती भएको छ । पहिलो कुरा त हाम्रो विपत् व्यवस्थापनको पुरानै संरचना छ । तसर्थ प्रदेश सरकारकातर्फबाट आवश्यक स्थानीय सरकारसँग समन्वय र आवश्यक निर्देशनका साथ एउटा फास्टट्र्याकमा विपत्को व्यवस्थापन गर्ने त्यो एउटा व्यवस्था गर्न जरुरी छ र सम्बन्धित मन्त्रालयको म ध्यानाकर्षण गराउन चाहन्छु । त्यस्तै गरेर कास्की जिल्लाको पनि धेरै ठाउँमा यो वर्षा र बाढीपहिरोले धेरै नोक्सान भएको छ । जस्तै पोखरा १७, छोरेपाटन च्याउरे चौतारी जमिन भाँसिँदा मैना विक, आसबहादुर मगर, दिलबहादुर मगर, पूर्णखला खत्री, राजेन्द्र सुनामलगायतको घर चर्किंदा अहिले एक खालको चौरमा पाल टाँगेर बस्ने अवस्था छ । पोखरा १७ र २१ जोड्ने नाका बेलघारीको आरोलोको बाटो पूर्ण रूपमा क्षती हुँदा बस्ती जोखिममा रहेको र पोखरा २१ जाने मुल सडकमा सवारी साधन आवतजावतमा अवरोध भएको छ । पोखरा २१ निर्मलपोखरी परियार टोलमा पहिरो जाँदा मदन परियारका ७ वर्षिय छोरा घाइते भएका छन् । पोखरा ३३ सैनपुर देउराली हुँदै सवादी जाने बाटोमा पहिरोको कारणले मोतीबहादुर

विक, शिवराज अधिकारी, शालिकराम अधिकारीको घर भत्किएको साथै ४ जनाको घर जोखिममा परेको अवस्था छ । च्याउरे घुम्ती कृस्ती मूल सडक वर्षादका कारण बाटो छेउमा रहेको र म्याड्रिन बाँध पूर्ण क्षति भएको र कालोपत्रे सडक खस्ने अवस्थामा रहेको छ । पोखरा-७ गहते खोला नजिकै फिर्केखोलाको भेलले गर्दा रामबहादुर नेपालीलगायत २ जनाको घर चर्किएको छ । पोखरा २१ को मूल सडक शिवालयको बीच बाटो मै पहिरो जाँदा बस्ती जोखिममा र बाटो खस्ने अवस्थामा रहेको छ । चिलाउने खर्कमा कृष्ण थापामगरको घरसहित तीन घर पहिरोको जोखिममा छ । दुलेगौँडा हुँदै सिगानेवास निस्कने बाटोमा पहिरो जाँदा बाटोमा अवरुद्ध भएको छ । पोखरा २१ महावाणी सिमपानीमा पहिरो गई आवतजावत बन्द भएको छ । सानीको भीर र बक्रेक जाने बाटो पहिरोको कारणले अवरुद्ध छ । पोखरा १७ दोबिल्ले फुर्से खोलाको सवाल पानीको भेलले भत्कने अवस्थामा रहेको छ । बेलैमा त्यसको न्यूनिकरण नगरे दोबिल्लाको बस्ती नै जोखिममा पर्न सक्ने साथै पोखरा २१ र ३३ जाने मुलबाटो अवरोध हुन सक्छ । पोखरा २१ मनकामना मन्दिर तल पहिरो जाँदा तल्लो बस्ती जोखिममा रहेको छ । माथि रहेको मन्दिर र पथरी मनकामना पिकनिक पार्क जोखिममा रहेको छ ।

यसरी धेरै नै यो बाढी पहिरोको कारण क्षति भएको हुँदा हाम्रो गण्डकी प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित निकायहरूको तत्काल छिटोभन्दा छिटो ध्यनाकर्षण गरी पीडितहरूलाई क्षतिपूर्ति र जुन एक खालको बाढीपहिरोको कारणले समस्यामा परेका जनताहरूलाई क्षतिपूर्ति दिँदै यो सबै समस्या समाधान गर्न तत्काल हाम्रो प्रदेश सरकार र सम्बन्धित मन्त्रालयको ध्यान जाओस् भन्न चाहन्छु सभामुख महोदयमार्फत हार्दिक विनम्र अनुरोध गर्न चाहन्छु धन्यवाद ।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ, समय ३ मिनेट**

सभामुख महोदय, हामी संघीयतामा प्रवेश गरेको पनि आज साढे २ वर्ष भइसकेका छौं । तीन तहको सरकार कार्यान्वयनमा छ । अहिले यो पोखरा महानगरपालिका जुन आफै पनि स्वायत्त छ । यो विषयमा पनि आज म यो सम्मानित सदनमा केही कुरा उठाउन चाहन्छु । रामघाट, भावघाट अनि तुलसीघाट जस्ता घाटहरूमा यो ढुंगागिटीको ठेक्का जुन महानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत र त्यहाँको राजश्व शाखाका प्रमुख संयुक्त रूपमा निर्णय गरेर ठेकदारलाई २ हप्ता भित्र ५ करोड, ३ करोड ५ लाख बैंक ग्यारेन्टी दुई हप्तामा बुझाउने सर्तमा ठेक्का लागू हुन्छ । त्यो ठेकदारले दुई हप्ता भित्र त्यो बैंक ग्यारेन्टी बुझाउँदैन । त्यसपछि धेरै ताकेता हुन्छ ताकेता गर्दा पनि त्यो ठेकदारले कुनै पनि हालतमा बैंक ग्यारेन्टी नबुझाइसकेपछि त्यहाँका महानगरपालिकाका कर्मचारीहरूले, लेखाका

साथीहरूले आफ्नो माथिल्लो ओहदामा यो राष्ट्रको सम्पत्ति हो । राष्ट्रलाई धेरै घाटा हुन्छ । त्यो ठेकदामार्फत त्यो बैंक ग्यारेन्टीहरू असुल गर्नुपऱ्यो भनेर धेरै चोटी मौखिक रूपमा डेलिगेसनको रूपमा कार्यालय प्रमुखदेखि महानगर प्रमुखसम्ममा गएर ध्यानाकर्षण गराइन्छ । र रकम असुली गर्नका लागि माग गरिन्छ तथापि त्यहाँ कुनै पनि ध्यान नदिइसकेपछि लेखा शाखाका कर्मचारीहरू र अन्य साथीहरू भएर एउटा लिखित उजुरी दर्ता गरिन्छ र यो राष्ट्रको सम्पत्ति हो यसलाई खेर जान दिनु हुँदैन भनेर त्यहाँ जयराम पौडेललगायतका साथीहरूले उजुरी गर्दा उल्टै राष्ट्रको सम्पत्ति जोगाउनु पर्दछ । कसैलाई पनि यो राष्ट्रको सम्पत्ति दुरूपयोग गर्ने अधिकार छैन भनेर पर्दाफास गरेको नाउँमा आज महानगरपालिकाकाले उक्त लेखा प्रमुखनै त्यहाँबाट सरुवा गरेर उहाँ जसले गल्ती गरेको छ, जसले भ्रष्टाचार गर्न खोजेको छ त्यसलाई मुक्ति दिएर जसले यो राष्ट्रलाई जोगाउनका लागि भ्रष्टाचार शून्य बनाउनका लागि र जनताको आकांक्षा र इच्छाहरूलाई पूरा गर्नका लागि जसरी लागि परेका कर्मचारीहरूलाई आज धम्क्याउने र सरुवा गर्ने एउटा नियत खडा गरेको छ ।

म यो सम्मानित सभामा सभामुख महोदयमार्फत प्रदेश सरकार डाइरेक्ट इन्भल्भ नभए तापनि त्यो पनि एउटा राष्ट्रकै क्षती हो, प्रदेश सरकार नजिक छ, नजिकको सरकारको यसमा प्रदेश सरकारको के दायित्व हुन्छ यसमा सभामुख महोदयमार्फत ध्यानाकर्षण गराउन चाहन्छु र सम्बन्धित व्यक्तिलाई कसरी कारवाहीको सिलसिला अगाडि बढाउन सकिन्छ भन्ने माग राख्दै बिदा हुन्छ धन्यवाद जयनेपाल ।

**माननीय सदस्य श्री राजीव पहारी, समय ६ मिनेट ।**

माननीय सभामुख महोदय, म सर्वथप्रम गण्डकी प्रदेशको यो सम्मानित सभामार्फत नेपाल सरकार र सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीलाई हार्दिक आभार र धन्यवाद व्यक्त गर्न चाहन्छु । हिजो मात्रै राष्ट्रपति विद्यादेवी भण्डारीले तेजाब, एसिडलगायत ३ अध्यादेश जारी गर्नुभएको छ । नेपालको संविधानको धारा ११४ को उपधारा १ बमोजिम मन्त्री परिषद्को सिफारिसमा तेजाबलगायतका अध्यादेश जारी भएको छ । एसिड छ्याप्नेलाई २० वर्षसम्म कैद र रु १० लाख जरिवाना, एसिड आक्रमणको प्रयास गरे ५ देखि ७ वर्ष सम्म कैद रु १ लाखदेखि ३ लाखसम्म जरिवाना । एसिड आक्रमणबाट घाइतेको एक वर्ष भित्र मृत्यु भएमा कर्तव्य ज्यान मुद्दा लाग्ने व्यवस्था जुन गरिएको छ । यसले  अहिले यो पछिल्लो समयमा जसले विगतका केही वर्षदेखि आफूले भनेका कुरा  नमान्दा वा आफूले निश्चित स्वार्थ पूरा गर्न कोही बाधक भए भन्ने बित्तिकै बदला दिने भावनाले अपराधिकपूर्ण मानसिकताका साथ खास गरी महिला दिदीबहिनीहरूमाथि एसिड प्रहार गर्ने, उहाँहरूको सम्पूर्ण जीवन नै पूर्ण रूपमा ध्वस्त गर्ने

कार्यहरू हुँदै आएका थिए र यस्तो खालको घृणित कार्य हुँदा पनि अपराधीहरू सजिलै उन्मुक्ति हुने अवस्था पनि थियो र कानूनी व्यवस्था नभएका कारणले त्यस्तो जघन्य अपराधमा पनि सामान्य तारिकमा छुट्ने स्थितिलाई अन्य गर्दै यो अध्यादेश आइसकेपछि जो कोहीले जुनसुकै उद्देश्यले एसिड प्रहार गरे पनि ऊ कानूनको कठघरामा उभिनु पर्ने र अपराधको परिणाम अनुसार कारवाहीको दायरामा आउनुपर्ने स्थिति जुन बनेको छ । त्यो नेपालको इतिहासमा एउटा ऐतिहासिक काम पनि हो । यसका लागि म नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय, अहिले केपी ओलीको नेतृत्वमा नेकपाको दुई तिहाइको सरकारले चाहे संघमा होस् चाहे प्रदेशमा माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको नेतृत्वको सरकारले धेरै ऐतिहासिक र असाधारण कामहरू गरेको छ । जसका कामको परिणामहरू क्रमशः देखिँदै पनि आएका छन् । म त्यतातिर समयको पावन्दीको कारणले म त्यतातिर जान चाहन्न । अहिले मैले यहाँ उठाउन खोजेको विषय भनेको के हो भने, सरकारले सीमित श्रोत, साधन र अत्यन्त प्रतिकूलताको बाबजुद पनि सुखी नेपाली सम्वर्द्ध नेपालको यात्रामा अगाडि बढिरहँदा पनि अहिले नेपाली समाजमा र व्यक्तिको मानसिकतामा क्रमशः आपराधिक र घृणित सोचका कारणले हाम्रो घर आँगनमा कल्पनौ गर्न नसकिने घृणित, नीच र मानव सभ्यतामाथि नै कलंकको रूपमा रहेका क्रियाकलापहरू हुँदै आएका छन् । अर्थात् अहिले हाम्रो समाजमा नेपालको, नेपालको संविधानमा नाबालिका भनेर व्यवस्था गरेर १६ वर्ष भन्दा कम उमेरका बालिकाहरू ४ वर्षदेखि माथि उमेर समूहका बालबालिकाको बलात्कार गर्ने, क्रूरतापूर्वक हत्या गर्ने गतिविधिहरू व्यापक रूपमा वृद्धि भइरहेको छ । अपराधिक मानसिकता बोकेर त्यस्तो घटना घटाउने कुराको कल्पना गर्दा खेरी पनि झड्का लाग्ने गरेर त्यस्ता व्यक्तिहरू चाहे जो सुकै हुन् । तिनीहरूलाई हुन त अन्तर्राष्ट्रिय सन्धी सम्झौताको पुनरावलोकन गर्नुपलाई परिमार्जन गर्नुपलाई, आवश्यक परे संविधान पनि संशोधन गर्नुपर्ला । तर यस्ता खालका जघन्य अपराधीहरूलाई मृत्युदण्डको व्यवस्था दिने गरेर कानून संशोधन गर्नुपर्ने छ । यसको निम्ति पनि गण्डकी प्रदेश सरकारले संघीय सरकारसँग आवश्यक पहल, पर्यत्न गरोस् भन्ने म अनुरोध पनि गर्न चाहन्छु ।

सभामुख महोदय, अपराध अपराध हो, अपराध र अपराधीको कुनै जात, धर्म पार्टी हुँदैन । फगत अपराध, अपराध हो, समाजको कालो धब्बा हो, कलंक हो । यौन हिंसा, बलत्कार, जातीय छुवाछुतलाई कुनै पनि बहानामा वा नाउमा उन्मुक्ति दिन मिल्दैन । मैले यो प्रसंग किन उठाएको हो भने, अस्ती असोज ७ गतेमात्र बुधबार बझाङ जिल्लाको मस्टा गाउँपालिका २ सिकालीमा १२ वर्षिय सम्झना बिकको बलत्कार पछि उनको हत्या भएको छ र शिव मन्दिरमा लास फेला परेको अवस्था छ । धेरै घटनाहरूमा, खास गरी दूरदराजका

ठाउँहरूमा मेलमिलापका नाउँमा गाउँका पञ्च भलाद्मीहरू बस्ने र थोरै आर्थिक प्रलोभन वा आर्थिक सहयोग दिएर त्यस्ता घटनाहरूलाई सामसुम पार्ने क्रियाकलापहरू पनि भइरहेका छन् हाम्रो समाजमा । तसर्थ यस्ता खालका घटनाहरूमा राज्य कठोर हुन आवश्यक छ । हामीले देख्छौं अत्यन्त विकसित मुलुकहरू सिँगापुरलगायतका विकसित मुलुकहरूमा पनि त्यहाँ लागूपदार्थको ओसारपसार गर्ने कारोबारीलाई कडा भन्दा कडा सजाय दिइन्छ । तसर्थ यो खालको यो बलात्कारका कुरामा, जघन्य अपराधका कुरामा राज्य अझ कठोर भएर अगाडि बढ्नु पर्ने छ । यिनै कुरा राख्दै अन्तिममा सभामुख महोदय म एउटा कुरा ध्यानआकृष्ट गराउन चाहन्छु । केही समय अगाडि एउटा रोशनी शाही काण्डको रूपमा नेपाली समाजमा एउटा घटना चित्रित भयो । (माननीय सदस्य समय सकियो) धन्यवाद ।

**माननीय सदस्य श्री मणिभद्र शर्मा, समय ६ मिनेट**

माननीय सभामुख महोदय, हुम्ला जिल्लाको चिनिया सीमामा जनप्रतिनिधि र भेडा चौरी चराउने स्थानीय जनताले जिल्ला प्रशासनमा गुनासो गर्दछन् । चीनियाहरूले आफ्नो नेपालको सीमाभित्र स्थायी संरचनाहरू बनाएर परेड खेलिरहेका छन् भनेर । जिल्ला प्रशासन कार्यालयको टोली त्यहाँ पुग्दछ र गृह मन्त्रालयमा प्रतिवेदन पठाउँछ । त्यो प्रतिवेदन परराष्ट्र मन्त्रालयमा नपुग्दै परराष्ट्र मन्त्रालयबाट त्यो भूमि त चीनकै हो भन्ने भक्तिपूर्ण अभिव्यक्ति प्रसारित हुन्छ एकातिर भने अर्कोतिर त्यो अध्ययन भ्रमणको प्रतिवेदन तयार गर्ने स्थानीय जिल्ला प्रशासनका कर्मचारीहरूलाई वार्निङ पनि हुन्छ । अर्कोतिर लिम्पियाधुरा समेटेर, संविधान पनि संशोधन गरेर नक्सा छापिएको छ । फेरि सरकारले पाठ्यपुस्तक निर्माण गर्नेहरूलाई पाठ्यपुस्तकमा त्यो नक्सा छाप्न पाउन्नौं भन्ने उर्दी पनि जारी गर्दछ । यसले हाम्रो कस्तो प्रकारको राष्ट्रवादिता हो ? हामी कस्तो कुटनीतिक पहल गरिरहेका छौं र नेपालको स्तर कहाँ पुग्दैछ भन्ने हामीलाई अल्ली रिस निहुँराउनुपर्ने बाध्यता भएको छ । यसमा हामी सबै जनतालाई सचेत पार्दै सरकारसँग गम्भीर हुन माननीय सभामुखमार्फत हार्दिक अनुरोध गर्दछु ।

१० वर्ष अगाडिदेखि स्वास्थ्य क्षेत्रको सुधारको अभियान लिएर, त्यसमा भएका विसंगतिहरूलाई निराकरण गर्नुपर्छ भनेर आन्दोलन, आवाज उठाउँदै आन्दोलनमा उत्रेको डाक्टर गोविन्द केसीको आज पछिल्लो पटकको अनसनको १५ औं दिन भइराखेको छ । उहाँको जीवन संकटग्रस्त छ । सरकारले उहाँका जायज मागहरूलाई सम्बोधन गरी उहाँको जीवन रक्षा गर्न माग गर्दछु । उहाँले उठाएका मागहरूले समाजमा प्रभाव पनि परिसकेको छ । मेडिकल कलेजहरूको आधा भन्दा बढी फि घटिसकेको छ उहाँको आन्दोलनले ।

सरकारले जहाँसुकै ठूल्ठूला सहरी क्षेत्रहरूमा मेडिकल कलेजहरूलाई मान्यता दिने कामहरू स्थगन भइरहेको छ । यसरी गरिब जनताहरूका पक्षमा सहज उपचार पाउन भनेर आन्दोलनमा लागिरहेको गोविन्द केसीको सत्याग्रहलाई अन्यथा गर्ने काम नेपाल कम्प्युनिष्ट पार्टीको सरकारले नगरोस् । साम्राज्यवादी अंग्रेजहरूले महात्मा गान्धीको सत्याग्रहको आन्दोलनलाई रेस्पोन्स गरेका थिए । त्यो साम्राज्यवादी अंग्रेज भन्दा पनि अझ तल झरेर सत्याग्रहहरूलाई  अपमान हुने काम, उनीहरूको जीवन जोखिममा पर्ने काम सरकारले गर्दा नेपालको इज्जत अन्तर्राष्ट्रिय जगत्मा राम्रो हुँदैन । यसतर्फ पनि गम्भिर हुन म माननीय सभामुखमार्फत सरकारलाई अनुरोध गर्दछु ।

यस्तै गरेर सदियौदेखि नेपालमा भाँगोखेती गरिँदै आइरहेको थियो । उक्त भाँगो खेतीबाट भाँगोको लोतकाबाट कपडा बनाउने काम भइरहेको थियो । भाँगोबाट तेल उत्पादनको काम भइरहेको थियो । भागोबाट आयुर्वेदिक औषधिहरू बन्ने काम भइरहहेको थियो । आज नेदरल्याण्डलगायतका पश्चिमा देशहरूले भाँगोबाट धेरै प्रकारका औषधि र उपचारका सेवाहरू प्रयोग गरिरहेका छन् । जुन कुरा हाम्रा पूर्वीय ऋषिमुनिहरूले र आयुर्वेदका वेत्ताहरूले गरिरहेका थिए । यहाँका आयुर्वेदका ठूला उद्योगहरूले भाँगोबाट, भाँगो प्रयोग गरेर बनाइने औषधिको कच्चा पदार्थको अभावमा छटपटिइरहेका छन् । बाहिरबाट महंगो तिरेर ल्याउन परिरहेको छ । यस्तो अवस्थामा हाम्रो यस गण्डकी प्रदेशको पहाडी क्षेत्रमा अति उत्तम प्रकारको भाँगो उत्पादन हुन्छ । त्यो भाँगो उत्पादन ठूला शक्ति राष्ट्रहरूको दवाबमा १९६२ देखि नेपालमा प्रतिबन्धित छ । त्यो प्रतिबन्धलाई हटाई भाँगो खेती गर्ने वातावरण बनाई पहाडका बाँझा जमिनहरूलाई सुधार गर्न र रोजगारी सिर्जना गर्न सरकार लागि परोस् भन्ने माग गर्दछु र यो गम्भिर यसले प्लाष्टिकको निर्यातलाई पनि रोक्दछ त्यो भाँगोको लोक्ता, भुत्लाबाट हामीले कपडाहरू, झोलाहरू बनाउन सक्दछौं र प्राङ्गरिक मल पनि बनाउन सक्दछौं । यसको बाइ प्रोडक्टबाट प्राङ्गरिक मल यहाँ बन्यो भने बंगलादेशमा ऋण सापटी मन माग्न पनि जान पर्दैन । यसतर्फ गम्भिर हुन सरकारलाई ध्यानाकर्षण गर्दै आफ्ना भनाइहरू अन्त्य गर्दछु धन्यवाद जयनेपाल ।

**माननीय सदस्य श्री दीपक कोइराला, समय छ मिनेट ।**

माननीय सभामुख महोदय, यो वर्ष अविरल वर्षाका कारण देश नै क्षतिग्रस्त भयो । हाम्रो प्रदेश पनि यो पालिको वर्षाको कारण, अविरल वर्षाको कारणले ठूलो धनजनको क्षति भएको

प्रदेशमा नै पर्दछ । म यो वर्षाको बाढीपहिरोको कारण ज्यान गुमाउनु हुने सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

यो क्रममा अन्य जिल्लाहरूमा भएका जस्ता ठूल्ठूला क्षतीग्रस्त अवस्था हाम्रो जिल्लामा छैन तैपनि कास्कीमा पनि स साना क्षतिहरूका कारणले धेरै क्षति भइरहेको अवस्था छ । हाम्रोमा रूपा गाउँपालिकामा १ जनाको मृत्यु भएको छ । ३४४ घर क्षतिग्रस्त छन् । पोखरा २६ मा एक जनाको मृत्यु भएको छ । जहाँ झण्डै ८० घर बिस्तापित छन् । पोखरा २७ मा पनि क्षतिग्रस्त अवस्था छ । पोखरा २९ मा ६ घर क्षतिग्रस्त छन् । पोखरा ३० मा डुडाँको मुखमा अस्तिमात्रै ४ घर क्षतिपूर्ण भएका छन् । ६ घर विस्तापित छन् । २ जना घाइतेहरूको उपचार भइरहेको छ । पोखरा ३१ मा १० घर बिस्तापित छन् । पोखरा ३२ मा, ३० र ३२ जोड्ने खास गरिकन रूपा गाउँपालिका र अलिकति लमजुङ र तनहुँसमेतले प्रयोग गर्ने एउटा पुल क्षतिग्रस्त अवस्थामा छ । त्यसको हामीले एक चरणको त्यो पुल क्षतिग्रस्त हुनबाट जोगाउने काम पनि गऱ्यौं फेरि पछिल्लो बर्खाले त्यो पनि क्षतिग्रस्त भएको अवस्था छ । त्यसले गर्दा रूपा गाउँपालिका र लमजुङ तनहुँसँग जोडिएका केही क्षेत्रहरूको आवागमनमा यसले गम्भिर समस्या पैदा भएको छ । माथिल्लो गगनगौँडाबाट सातमुहाने जाने कल्भट पुल पनि भत्किएको छ । पोखरा ३२ मालेपाटनबाट तनहुँ जाने शुक्लागण्डकी जोड्ने झोलुङ्गे पुलको पनि अवस्था त्यस्तै छ । पोखरा ३२ मा मालमुलफाँटमा सिँचाइमा क्षती भएका कारण सिँचाइको समस्या छ । तल्लो गगनगौडाको नहर भत्केका कारण सिँचाइहरूको समस्या छन् । त्यस्तै यो वेगनासतालको ओभरफ्लो हामीले व्यवस्थित गर्न नसक्दा त्यसबाट धेरै ठूल्ठूला क्षतीहरूको सम्भावना भइरहेको छ । राधाकृष्ण वृद्धाश्रमलगायत धेरै ठाउँहरू जोखिमयुक्त रुपमा बसिरहेका छन् । खैर यस्ता अझै धेरै विवरण होला त्यो विवरण बुझाउने मेरो आशय होइन । किनकि यस्ता यी विवरणहरू सम्बन्धित निकायले कलेक्सन गर्छन् । तैपनि मोटामोटी मैले प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रमा भएका केही खास क्षतिका विवरणहरू मत्रै मैले यहाँ पेश गरेको हुँ ।

माननीय सभामुख महोदय, यी विवरण मात्रै होइनन् यी भन्दा धेरै ठूला अरु विवरणहरू छन् । मेरो खास विषय के छ भने यो सभामा हामीले अलिकति यो बारेमा खाली यसका तत्कालीन समस्याका समाधानका उपायहरू मात्रै खोजी गर्ने र हामीले जहाँ हामी जनप्रतिनिधिहरूले ल्याइएको छ त्यसको मात्रै समाधान गर्ने, जहाँ हामी उच्च ओहदाका नेतृत्वहरू त्यहाँ पुगेका छौँ त्यहीको मात्रै समस्या समाधान हुने । त्यस्तो प्रकारको समस्याको समाधानले मात्रै हामीलाई सही दिशामा लैजाँदैन । के यी यस्ता धेरै जति पनि जोखिमहरू भइरहेका छन् । यी हाम्रो यसपाली भइरहेको अविरल वर्षाका कारणले मात्रै भएको छ त ? भन्ने कुराको खोजी गर्नु मुख्य कुरा हो भन्ने मलाई लाग्दछ । हामीले

गरिरहेको, हामीले अभ्यास गरिहेको हाम्रा बस्ती विकासका योजनाहरू या हामी जसरी हाम्रो बसोबास चलिरहेको छ या हामीले विकास निर्माणका कामहरू जुन ढंगले हामी विकास निर्माणका कामहरूलाई अगाडि बढाइरहेका छौ । ती सबै कुराहरूले पनि यसमा केही न केही प्रभाव परेको छ कि त भन्ने कुराको खोजी गर्नु आजको महत्वपूर्ण विषय हो जस्तो मलाई लाग्दछ । त्यसकारण मेरो भनाइ के छ भने, मैले अघिल्लो पटक पनि यो सन्दर्भमा कुराहरू उठाएको थिएँ, के हाम्रा जोखिममा रहेका बस्तीहरूलाई हामी एकीकृत बस्ती विकासको अवधारणा अन्तर्गत हामीले अहिले नै सोचेनौं भने यो वर्खा हामी अहिले २०-२५ वर्षपछि ठूलो पानी परिरहेको छ भनिरहेका छौं । के थाहा २०-२५ वर्ष अगाडि भन्दा अझै अगाडि ५० वर्ष अगाडि परेको ठूलो पनि अर्को वर्ष पर्छ कि ? यो पनि हामीसँग उत्तिकै खतरा छ नि त त्यसकारण हामीले यो एकीकृत बस्तीको अवधारणाको कामलाई बेलैमा सोच्नुपर्ने र यसमा कामहरू अगाडि बढाउनुपर्ने आवश्यकता म देख्दछु । त्यस्तै यो हाम्रो निर्वाचन क्षेत्रमा, क्यारे हाम्रो यो क्षतिबाट मृत्यु हुँदा हाम्रो संघीय सरकारले, प्रदेश सरकारले, स्थानीय सरकारको तर्फबाट क्षतिप्रति राहत दिने व्यवस्था छ । संघीय सरकारले बढाएर अहिले दुई लाख रूपैयाँ पुऱ्याएको छ । अगाडि एक लाख र हामी ५० हजार रूपैयाँ दिन्थ्यौं । अहिले समस्या के देखियो भने मृत्युमा राहत पुग्ने, क्षतिमा विस्तापितमा राहत नपुग्ने समस्या देखिइरहेको छ त्यसका लागि हामीले बरु संघीय सरकारकोतर्फबाट मृत्युमा राहत दिने र प्रदेश सरकारकोतर्फबाट क्षतिग्रस्त जुन अवस्थाहरू छन् त्यसलाई तत्काल कसरी न्यूनिकरण गर्न सकिन्छ या त्यहाँ राहत दिन सकिन्छ भन्ने कुरा सोच्ने र स्थानीय सरकारकोतर्फबाट तत्कालीन राहतका कामहहरू गर्ने हो कि ? त्यसमा एउटा व्यवस्थित खालको कार्यविभाजन गर्ने हो कि ? भन्ने पनि मेरो सुझाव छ यत्ति कुरा राख्छु धन्यवाद ।

## माननीय सदस्य श्री बिनोद केसी, समय ६ मिनेट

सभामुख महोदय, हाम्रो नेपालमा विश्वको कोभिड १९ रोग सँगसँगै नेपालमा प्रभावित सँगसँगै पछिल्लो वर्षादको क्रममा नेपाललगायत गण्डकी प्रदेशमा ठूलो वर्षातले धेरै वर्षातले धेरै ठाउँको धनजनको क्षति भएको छ । त्यसमध्येमा पनि विशेष गरी म्याग्दी एउटा त्यस्तो क्षेत्र बन्न पुग्यो त्यहाँ अहिले कुनै बाटोहरू भनौ कुनै खेलकुद ग्राउण्डहरू भनौं, खानेपानीहरू भनौं, स्कुलहरू, सिँचाइ जस्ता भौतिक संरचनाहरू क्षति मात्र होइन क्षतविक्षत अवस्थामा छन् र ती क्षतविक्षत भएको अवस्थामा प्रदेश सरकार, संघीय सरकारलगायतका नेपाल सरकारले पक्कै पछि छिटो ती चाहिँ बस्तीहरूलाई पुर्ननिर्माण गर्ने छ भन्ने म्याग्दीका जनताले आशा र विश्वास गरिरहेको अवस्थामा अस्ती भर्खरै मात्रै संघीय सरकारको मन्त्री परिषद्को बैठकले विशेष गरी सिन्धुपाल्चोक, बाग्लुङलाई मात्रै विशेष यो

बाढीपहिरो क्षेत्रलाई घोषणा गर्दैगर्दा म्याग्दी त्यो ठाउँबाट छुट्दै गर्दा म्याग्दीका जनता र त्यहाँका राजनीतिकर्मी, सामाजिक संस्थाहरूले म्याग्दी जिल्ला नपर्नु दुर्भाग्यको रूपमा लिइरहेको छ र यो प्रदेश सरकारमार्फत संघीय सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । म्याग्दीको विशेष गरी एउटा दुईटा घरहरू होइन, एकदुई सय घर होइन पुरै बस्तीका बस्ती, गाउँका गाउँ क्षतविक्षत अवस्थामा रहेको छ । पुरै बस्ती बस्ने अवस्थामा छैन । आज जनताहरू पशु बस्ने पालमा पनि बस्न नसक्ने टहरामा बस्नुपर्ने अवस्था छ । त्यो अवस्थालाई मध्यनजर गर्दै विशेष गरी मैले गण्डकी प्रदेशको सरकारसँग म यो माग गर्न चाहन्छु कि, म्याग्दी जिल्लालाई प्रभावित होइन अति प्रभावित क्षेत्रको रूपमा सूचीकृत गरी त्यहाँ यथाशीघ्र छिटोभन्दा छिटो यो भूगर्भविद्को टोली लगाई र विज्ञहरूको टोली लगाई सो ठाउँमा बस्न हुने या नहुने अथवा बस्न नहुने अवस्थामा कुन अवस्थामा जनतालाई पुर्नवासको कार्यक्रम छिटो भन्दा छिटो यो हाम्रो आउने चाड भन्दा पहिला ती ठाउँमा बस्ती बसाउने योजनाका साथ अगाडि बढ्नका लागि म प्रदेश सरकारलाई विशेष ध्यानाकर्षण गराउँदै यो म्याग्दी जिल्लामा बाढी पहिरोको जुन खालको जोखिम छ त्यो जोखिमलाई पूर्ण न्यूनीकरण गर्न प्रदेश सरकारले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वास गर्दै ध्यानाकर्षण गराउँदै मेरो भनाइ अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सदस्य श्री हरिशरण आचार्य, समय ५ मिनेट**

माननीय सभामुखज्यू, गोर्खा जिल्ला पालुङटार नगरपालिकाको वडा नं. १,९, १० र गोर्खा नगरपालिका १२, १३, १४ मा यही वर्षको वर्षायामको अविरल वर्षाको कारण क्षती पुगेको ३० घर विस्तापित, करिब ३ हजार रोपनी खेत, घरजग्गा ठूला ढुंगा लगेर राखेको छ सबै खेत बगर भएको छ । ३७ वटा कुलो र नहरको नाम निसानी छैन । पटक-पटक प्रदेश सरकारसँग विषय राखिएको छ तर यसको उचित जवाफ पाइएको छैन । बचेको खेतलाई सिञ्चाइ गर्न पाइप र जाली माग्न जाँदा किसान रित्तो हात फर्किनुपर्ने स्थिति छ । पालुङटारा अर्बौको क्षती भएको छ । पालुङटार नगरपालिकाले यस वर्ष उक्त क्षति पुगेको स्थानमा काम गर्नका लागि एक करोड विनियोजन गरेको छ तर प्रदेश सरकार र संघ सरकारले किन वेवास्था गरिरहहेको छ ? खेतीयोग्य जमिन यतिधेरै कटान भई बगरमा परिणत भएको छ तर उक्त जिल्लाकै मन्त्रीज्यूहरू स्थलगत अनुगमनसमेत गर्न पनि जानु भएन । के कारण सरकारले यस्तो वेवास्ता गरिरहेको छ ? स्थानीय सरकारले एक करोड विनियोजन गर्दा प्रदेश सरकारले एक रूपैयाँ पनि लगानी गर्न नसक्ने गरी कमजोर भएकै हो त ? पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा एक-एक रूपैयाँ जम्मा गरे झैँ हामीले जनतासँग गुहार माग्नुपर्ने परिस्थिति सिर्जना भएको हो ? राज्य छैन भन्ने हो भने छ, तर छ

भन्ने हो भने के गरिरहेको छ ? आज आम जनचासोको विषय बनिरहेको छ । भाद्र २३ गते राती आएको अविरल वर्षाका कारण पोखरा ३२ रूपातालको निकास तालखोलाले अठ्ठारविडे र बडहरे जोड्ने पक्की पुल पूर्ण रूपमा बगाइदिएको छ साथै दायाँबायाँको १० घर विस्थापित भएका छन् भने कतिपय बस्ती नै जोखिममा रहेका छन् । यसैगरी असोज ९ गते अविरल वर्षाको कारणले वेगनासतालको निकास खुदीखोलाले सातमुहानेको बेलिब्रिज दायाँबायाँ सबै भत्काएर गाडी चल्न नसक्ने अवस्थामा छ भने मान्छे आवतजावत गर्न नसक्ने अवस्था बनेको छ । माथिल्लो गगनगौँडा सात मुहाने जोड्ने पक्षौ एवम् कल्भट पुल २०० मिटर सडक कटान गरी आवतजावत बन्द भएको छ । विचारी बाँधको बीचमा २ स्थानमा गरी ८० मिटर जति नहर गहिरिएर बगाएको छ र खुदी खोलाले दायाँबायाँको बस्तीहरूमा क्षति पुऱ्याउनुका साथै ४ नम्बर, ६ नम्बर र ७ नम्बर टोलमा १७ घर बगाएको, २५ घर बिस्तापित भएका छन् । सोही दिनको अविरल वर्षाको कारण लामेआहालस्थित सतीघाट खतरामा रहेको छ । राधाकृष्ण मन्दिर आपसासका नयाँ बस्तीमा पानीको निकास राम्रो नभएर कटान गरी बस्ती नै जोखिममा परिरहेको छ । सोही दिनको बाढीको कारण पोखरा २७ अर्घौ अर्चले निवासी प्रकाश भण्डारी र अर्घौबेँसी निवासी विष्णुमाया सार्कीको परिवार विस्थापित भएका छन् । अर्घौबेसी बेउलीथुम्को, पानी ट्याङ्की सडक, डाँडाको नाक, बडहरे, धर्मशाला, ठूलीपोखरी, लेखनाथ जन्मस्थान सडकमा पुगेको क्षतिका कारण सवारी साधन एवम् एम्बुलेन्स पनि नचल्ने अवस्थामा पुगेको छ । यसैले प्रदेश सरकारले यी सबै क्षतिका सबै विवरणहरू संकलन गरेर तत्काल किनभने मैले अहिले पनि अनुभूति गरिराखेको छु । हामी क्षतिका विवरणहरू सुनाइरहेका छौं । सरकारले मृतकहरूलाई ५० हजार १ लाख बाढ्ने कुरा पनि ढिला गरिराखेको छ भने अर्कोतिर फेरि मृतकका परिवारलाई जुन ढंगले राहत वितरण गर्ने जुन विषयवस्तु छ त्यो मृतकका परिवारलाई राहत वितरण गर्ने प्रक्रिया पनि ढिलो भइराखेको छ ।

अर्को कुरा आज हामी आवश्यक निर्णय पनि ठीक बेलामा गर्न सक्दैनौं भने भोलि अरु थप निर्माण गर्ने कुरामा सरकारले त्यस्तो कदम चाल्न सक्छ ? हामीले आशा गर्न सक्ने आधार के छ त्यसैले सरकार भएको प्रदेश सरकारले ग्यारेन्टी गरोस् । यही मागका साथ आफ्नो विषय टुंग्याउन चाहन्छु धन्यवाद ।

**माननीय सदस्यहरू विशेष समयमा बाल्ने माननीय सदस्यहरूको क्रम अब यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरू अब म माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापामगरलाई विभिन्न मितिका सभाको बैठकमा  शून्य समय र विशेष समयमा

माननीय सदस्यहरूले उठाउनु भएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, यस सम्मानित सदनमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विषयवस्तुका सम्बन्धमा उठाउनु भएका केही विषयहरूसँगै मन्त्रालयको चालु आर्थिक वर्षको हालसम्मको मुख्यमुख्य काम कारवाही यस सम्मानित सदनमा राख्न अनुमति चाहन्छु ।

प्राकृतिक प्रकोपबाट कृषि व्यवसायमा पुगेको क्षतिको सम्बन्धमा विषय उठिरहेको छ । सर्वप्रथम त मनसुनी घटना परिघटनाका कारण प्रदेशका विभिन्न जिल्लाहरूमा बाढी, पहिरो, दोभान तथा वर्षाको कारणबाट थुप्रै जनहरूको मृत्यु भएको छ । वेपत्ता भएको छ । घाइते भएको छ । म यस सन्दर्भमा मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । वेपत्ताहरूप्रति स्मरण गर्दछु र यस घटनाका मृतक तथा बेपत्ता परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । र घाइतेहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । प्राकृतिक प्रकोपबाट भएको कृषि तथा पशुपालन व्यवसायमा क्षतीप्रति म दुःख व्यक्त गर्न चाहन्छु । यो क्षतीको एकीन विवरण जिल्लास्तरीय कृषि ज्ञान केन्द्र र विज्ञ केन्द्रमार्फत संकलित एवम् सिफारिस भई राहत तथा पुनर्स्थापना कार्यक्रमको प्रक्रिया शुरु भइसकेको व्यहोरा यहाँलाई हार्दिक अनुरोध गर्न चाहन्छु । क्षतिको स्थितिको बारेमा पशुपालनतर्फ प्रदेशभरमा ६ गाई, ४८ भैंसी, ८४ खसीबाखा, ५१ बंगुर, ६ हजार ९७ बोइलर कुखुरा र केही रोपनीमा रहेको माछा पोखरीमा पूर्ण क्षति पुगेको छ । कृषितर्फ प्रदेशभरमा करिब ४ सय २२ हेक्टरमा लगाइएको खाद्यबाली, करिब तीन हेक्टर तरकारी बाली, करिब ४ हेक्टर फलफूल र मौरी च्याउ, मसलाबाली तथा अन्य बाली गरी ५ हेक्टर क्षेत्रफलमा भएको बालीमा पूर्ण क्षति पुगेको छ । हामीले विगतमा पनि क्षतिहरूको बारेमा विगतको आर्थिक वर्षमा पनि सहयोग कार्यक्रमहरू उपलब्ध गराउँदै आएका थियौं । अहिलेको यो क्षति भएको कृषि पशुधनको राहत कार्यक्रमका लागि यस सम्मानित सदनमा अघिल्लो पटक अवगत गराए जस्तै क्षति भएको ३५ दिनभित्र सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र तथा विज्ञ केन्द्रमा भएको क्षति विवरण खुलाई भौतिक क्षति भएको हकमा सर्जमिन मुचुल्कासहित प्रहरी कार्यालयको सिफारिस र क्षति प्रमाणित कृषकको निवेदन र सम्बन्धित कृषि ज्ञान केन्द्र तथा विज्ञ केन्द्रले प्राविधिक अनुगमनपश्चात सिफारिस गरेको आधारमा कृषि तथा पुशपंक्षि विकास निर्देशनालयबाट उपलब्ध बजेटको परिधि भित्र रही क्षतिको उचित राहत वितरण सम्बन्धी कारवाही गर्न, कृषि निर्माण व्यवस्थापन तथा सहयोग सम्बन्धी कार्यक्रम मापदण्ड २०७७ बमोजिम राहत उपलब्ध गराइने व्यहोरा जानकारी गराउन चाहन्छु र यो हामीले यो कार्यक्रमको कार्यविधिको यो मापदण्ड हामीले स्वीकृत गरिसकेका छौं र छिट्टै

नै यो बारेमा सबै संकलन भइसकेको हुनाले र कतैबाट आउन पनि बाँकी छ यस उपर हामी यसलाई यो राहत पुनस्थापनाका निम्ति सहयोग गर्न चाहन्छौं, गर्नेछौं ।

माननीय सभामुख महोदय, म अन्य सन्दर्भमा मन्त्रालयको काम, कारवाहीका सन्दर्भमा यहाँ केही विषय राख्न चाहन्छु । गण्डकी प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि २०७७ निर्माणसँगै हाम्रो मन्त्रालयको ६४ वटा कार्यविधि तथा नम्सहरू खारेज भएका छन् । त्यसैले सबै कार्यक्रमहरूको मापदण्ड निर्माण गरेर, कार्यविधि अनुसारको मापदण्ड निर्माण गरेर कार्यक्रमलाई अगाडि बढाउनुपर्ने भएको हुनाले हामी त्यो क्षेत्रमा अगाडि बढिरहेका छौं । चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्नका लागि कुल ३५ वटा मापदण्ड स्वीकृत गरिएको छ भने बाँकी मापदण्ड निर्माणको अन्तिम चरणमा रहेको छ ।

यदि एकै कार्यविधिले नसमेटेका गत आ.व.का स्वीकृत भएका विभिन्न ८ वटा कार्यविधिहरू पनि हामीसँग अहिले कायम रहेका छन् । जसबाट चालु आर्थिक वर्षको समिति वार्षिक कार्यक्रममध्ये करिब ७५ प्रतिशत कार्यक्रम कार्यान्वयन गर्ने बाटो खुलेको छ भने बाँकी मापदण्डहरू यसै महिनाभित्र स्वीकृत गरी थप कार्यक्रमहरू कार्यान्वयन गर्दै लगिने व्यहोरा अनुरोध गर्न चाहन्छु । मुख्यगरी स्वीकृत भएका मुख्य मापदण्डहरूमा साना व्यवसायी कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम सञ्चालन मापदण्ड २०७७, चक्लाबन्दी प्रबन्धन कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड २०७७, कोल्डस्टोर-कोल्डरुम निर्माण कार्यक्रम मापदण्ड २०७७, फलफूल बिरुवा तथा बिऊ आलु उत्पादनका लागि तन्तु प्रयोगशाला स्थापना कार्यक्रम सञ्चालन २०७७, क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम मापदण्ड २०७७, साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम सञ्चालन मापदण्ड २०७७, बाँझो जग्गामा व्यावसायिक खेती प्रोत्साहन कार्यक्रम सञ्चालन मापदण्ड २०७७, साना सिञ्चाई कार्यक्रम सञ्चालन मापदण्ड २०७७, स्थानीय कृषि उपज बिक्री केन्द्र स्थापना कार्यक्रम सञ्चालन मापदण्ड २०७७, बिऊ उत्पादनकमा आधारमा नगद अनुदान कार्यक्रम सञ्चालन मापदण्ड, कृषि ऋणमा व्याज अनुदान कार्यक्रम मापदण्ड, व्यवसाय पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, दूध उत्पादनमा प्रोत्साहन अनुदान प्रतिलिटर रु. २ रूपैयाँ ५० पैसा कार्यक्रम सहकारीमार्फत वितरण गर्ने सम्बन्धी मापदण्ड, पशुहरूको घाँस श्रोत केन्द्र तथा साइलोपिट पुनर्निर्माणसम्बन्धी मापदण्ड, मत्स्य व्यवसाय प्रबर्द्धनसम्बन्धी मापदण्डलगायत हामीले ३५ वटा मापदण्डहरू स्वीकृत गरेका छौं ।

पशुसँग हामीलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम कृषि ब्लक प्राप्त भएको छ । त्यससँग सम्बन्धित हाम्रा करिब ३४ करोडजतिको बजेट छ त्यो केन्द्रीय कार्यविधि अनुसार

भएको हुनाले त्यो पनि हामीले अहिले अगाडि बढाइरहेका छौं । यसमा हामीले के राखेका छौं भने एक पालिका, एक कृषि ब्लक भन्ने कार्यक्रम नीति तय गरेर प्रत्येक पालिकामा कृषिको ब्लक अनिवार्य हुने गरी व्यवस्था गर्न हामीले मातहतको कृषि जिल्लास्थित कृषि ज्ञान केन्द्रलाई हामीले भनिरहेका छौं । पुरानो ब्लक पनि हामीले कार्यान्वयन गर्छौं, पुरानो ब्लक भएका पालिकामा नयाँ ब्लक कार्यान्वयन गरिने छैन त्यसैलाई अगाडि बढाइने छ । बाँकी भएको पालिकामा नयाँ ब्लक स्थापना गरेर हामीले ८५ वटै पालिकामा एक-एकवटा सम्बन्धित क्षेत्रमा हुने कृषि उत्पादनको ब्लक निर्माण गरिने छ । एउटा ब्लक कार्यक्रम निर्माण गर्न २ हजार रोपनी जग्गामा खेति गरिएको वा गर्ने योजना हुनुपर्छ । त्यो आधारबाट यो अगाडि बढाइएको छ र सम्बन्धित कृषि ज्ञान केन्द्रबाट आवेदनहरू संकलन भइरहेको व्यहोरा अनुरोध गर्न चाहन्छु । उक्त स्वीकृत मापदण्ड बमोजिम मन्त्रालय र मातहतका कार्यालयहरूबाट चालु आर्थिक वर्षमा सञ्चालन हुने महत्वपूर्ण र समयसापेक्ष कार्यक्रमहरू चक्लाबन्दी प्रवर्द्धन, साना व्यवसायी कृषि तथा मत्स्य फार्म स्थापना, साना सिञ्चाई, व्यवसायी आलुखेती, क्लष्टरमा नगदे बाली, बाँझोजग्गामा व्यवसायिक खेती प्रवर्द्धन, स्थानीय कृषि उपज बिक्री केन्द्र स्थापना, क्षेत्रफलका आधारमा तरकारी उत्पादन प्रोत्साहन, प्राङ्गारिक खेती प्रवर्द्धन, माछापोखरी निर्माण, मत्स्य भुराको नर्सरी स्थापना, ह्याचारी जस्ता अरुको सूचना प्रकाशन गरी आवेदन संकलन गर्ने कार्य भइरहेको छ ।

म यहाँलाई के सचेत गराउन चाहन्छु भने, प्रकाशित सूचनाहरूलाई सम्बन्धित जिल्लाको निकायहरूलाई, सम्बन्धित जिल्लाको माननीय सदस्यज्यूहरूको इमेल ठेगानामा पठाउने व्यवस्था हुने गरी मैले व्यवस्था गर्ने छु । कतिपय माननीयज्यूहरूको इमेल एड्रेसहरू हामीसँग प्राप्त भएको छैन हामी कहाँ । म यहाँहरूले हामी कहाँ प्रदान गरिदिनु हुनका निम्ति अनुरोध गर्न चाहन्छु र यहाँहरूलाई फोन कल आउने छ र त्यो बेलामा यहाँहरूले आफ्नो इमेल एड्रेसहरू दिनुहुनेछ । आजको मन्त्री परिषद्को बैठकको निर्णय बमोजिम कृषि व्यवसाय प्रवद्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक स्वीकृतिका लागि संसद सचिवालयमा आजकै मितिमा दर्ता हुने गरी स्वीकृति भएको छ र हामीले आज संसद सचिवालयमा दर्ता गरिने व्यहोरा अनुरोध गर्न चाहन्छौं । एकीकृत भूमि विधेयक २०७७ को मस्यौदा तयार गर्ने कार्य भइरहेको छ । यो हाम्रो मन्त्रालयबाट सबैभन्दा महत्वपूर्ण विधेयकका रूपमा यो अगाडि यसलाई बढाइरहेका छौं । मन्त्रालयको सम्भवत हामीले यो विधेयकलाई ल्याउन सक्यौं भने यो मन्त्रालयको धेरै विधेयकहरूको करिब-करिब सबै महत्वपूर्ण कार्यक्रम सम्पन्न गरिएको भन्ने बुझिरहेका छौं । गर्ने बुझिरहेका छौं । मन्त्रालय र माहतहका निकायबाट सञ्चालन हुने चालु आर्थिक वर्षका कार्यक्रमहरूको स्वीकृति वार्षिक कार्ययोजनालाई मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट तयार गरिएको अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको छ । मन्त्रालयअन्तर्गत ५ वटा जिल्लाहरू

कास्की, बाग्लुङ, मुस्ताङ, मनाङ र नवलपुरमा कृषि ज्ञान केन्द्र तथा चारवटा जिल्ला पर्वत, नवलपुर, मुस्ताङ र मनाङमा भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गरी जम्मा १० वटा कार्यालय विस्तार गर्न आवश्यक रहेको सन्दर्भमा हालको संगठन संरचना तथा दरबन्दी अनुरूप मन्त्रालय र मातहत गरी कुल ४१८ जनाको दरबन्दीबाटै विनेश गरी संशोधन ल्याउने गरी संगठन सञ्चालन संसदमा तयार भइरहहेको व्यहोरासमेत म जानकारी गराउन चाहन्छु । यसमा केही अब संख्या प्लस पनि हुन सक्छ । त्यसमा छलफल गरेर हामी टुङ्ग्याउने छौं ।

प्रदेश सरकारको दीर्घकालीन सोच, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकार कार्यसम्पादन नियमावली २०७४ ले तोकिएको कार्य, जिम्मेवारी र प्रदेश सुशासन ऐन २०७६ समेतका व्यवस्थालाई आत्मसात गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि सहकारी विकास र वैज्ञानिक भूमि व्यवस्थापनमार्फत रोजगारी सिर्जना र गरीबि निवारण गर्दै समाजबाट उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्यप्रति प्रतिबद्ध रही मन्त्रालयका सचिव, मातहतका कार्यालय प्रमुखहरू, महाशाखा प्रमुखहरूसँग आ-आफ्नो कार्य जिम्मेवारी र दायित्व बमोजिम कार्य सम्पादन सम्झौता गरिएको छ । सोही सम्झौता अनुसार कार्यसम्पादनमा तीव्रता हुने विश्वास लिएको छु । अन्त्यमा यस मन्त्रालयबाट सञ्चालन हुने सबै खाले कार्यक्रम कार्यान्वयनमा यहाँहरूको निरन्तर सहयोगको अपेक्षा राख्दै विदा हुन चाहन्छु धन्यवाद ।

**माननीय सदस्यहरू, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूलाई महालेखा परीक्षकको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले नेपालको संविधानको धारा २९४ को उपधारा ३ तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम २०१ बमोजिम महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सदस्यहरू, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूलाई मुख्य न्यायाधिवक्ताको कायालयको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले नेपालको संविधानको धारा २९४ को उपधारा ३ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम २०१ बमोजिम मुख्य न्यायाधिवक्ताको कायालयको वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सदस्यहरू, अब म मिति २०७७ साल असोज ५ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७७ साल असोज ६ गते बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा बनेको विधेयकको प्रतिवेदनसहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सदस्य माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेललाई अनुमति दिन्छु ।**

माननीय सभामुखज्यू, मिति २०७७ साल असोज ६ गते बसेको सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न २०७७ साल असोज १३ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका ज्येष्ठ सदस्य माननीय कृष्णचन्द्र नेपालीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरू आशा कोइराला, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विष्णुप्रसाद लामिछाने, सावित्रा राना, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमानसमेतको उपस्थिति रहेको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शसमेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतबाट निर्णय भए बमोजिम संलग्न संशोधनसहितको प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु । धन्यवाद । जयनेपाल ।

**माननीय सदस्यहरू अब म मिति २०७७ साल असोज ५ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७७ साल असोज ६ गतेको बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदनसहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सदस्य माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेललाई अनुमति दिन्छु ।**

माननीय सभामुखज्यू, मिति २०७७ साल असोज ६ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न २०७७ साल असोज ११ र १२ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका ज्येष्ठ सदस्य माननीय कृष्णचन्द्र नेपालीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरू आशा कोइराला, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विष्णुप्रसाद लामिछाने, सावित्रा राना, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री

हरिबहादुर चुमानसमेतको उपस्थिति रहेको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शसमेतलाई समावेश गरी विधेयकको दफा ३ को खण्ड क दफा ८ को उपदफा २ र दफा २४ को उपदफा ६ मा माननीय हरिशरण आचार्य प्रस्तावक, माननीय धनमाया पोखरेल लामा समर्थक भई मिति २०७७/६/७ गते दर्ता गर्नु भएको संशोधन प्रस्ताव विधायन समितिमा फिर्ता नलिनु भएकोले नियम अनुसार सभाबाटै प्रक्रिया अगाडि बढाउने गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतबाट निर्णय भए बमोजिम संलग्न संशोधनसहितको प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**माननीय सदस्यहरू, अब म माननीय सदस्य खिमविक्रम शाहीलाई सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न प्रदेश सभा नियमावलीको नियम ११ बमोजिम मनोनित गरेको छु ।**

माननीय सदस्यहरू अब म उक्त जिम्मेवारी तोक्ने प्रस्तावलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

**माननीय सदस्यहरू यो बैठक २०७७ साल असोज १४ गते दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।**